**नेपाल सरकार**
# ऊर्जा मन्त्रालय
**सिंहदरवार, काठमाडौं**

## पुराना सवारी साधन तथा ल्यापटप आदि जिन्सी सामानहरुको लिलाम विक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७२।११।०३**

यस मन्त्रालयमा रहेका पूराना सवारी साधन तथा ल्यापटप आदि मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्रि (बढाबढद्वारा) गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुले निम्न लिखित सर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनको ५:०० बजे सम्म यस मन्त्रालयको आर्थिक प्रशासन शाखावाट रु.१०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेपछि दिनको ५:०० बजेसम्म (शुक्रवार परेमा ३:०० बजेसम्म) खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजे भित्र दर्ता गराइसक्नु पर्नेछ । सो दिन बिदा परेमा कार्यालय खुलेको दिनको १२:०० बजे भित्र दर्ता गराइसक्नु पर्नेछ । बोलपत्र फाराम सिलबन्दी गरी खामको बाहिर बोलपत्रदाताको नाम, ठेगाना खुलाई ऊर्जा मन्त्रालयको जिन्सी सामान लिलाम सम्बन्धी बोलपत्र, २०७२ उल्लेख भएको हुनुपर्नेछ ।
३. पर्न आएका सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले २२ औं दिनको २:०० बजे मन्त्रालयको आर्थिक प्रशासन शाखामा उपस्थित फर्म/कम्पनी अन्य प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ । तर व्यक्ति वा फर्मको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त बोलपत्र खोल्ने दिन बिदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ । बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र स्वीकृत बोलपत्रदाताले सामान उठाइसकेको हुनु पर्नेछ ।
४. सिलबन्दी बोलपत्र साथ आफूले कबोल गरेको अकंको १० (दश) प्रतिशतले हुन आउने रकम बराबरको यस मन्त्रालयको नाममा जारी भएको बैंक जमानत वा एभरेष्ट बैंक लि., सिंहदरवारमा को.ले.नि.का. सिंहदरबारको नाममा रहेको धरौटी खाता नं. स.अ.१३५००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनुपर्नेछ । बैंक जमानतको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ३(तीन) महिना सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनुपर्नेछ ।
५. बोलपत्र पेश गर्न इच्छुक रजिष्टर्ड फर्म/कम्पनीले मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व.२०७१।७२ सम्मको करचुक्ता पत्रको प्रमाणित प्रतिलिपि र इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी बोलपत्र फारामसाथ संलग्न राख्नु पर्नेछ ।
६. सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको सिलबन्दी बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।
७. सिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहने छ ।
८. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।
९. मालसामानको कुल न्यूनतम मूल्य रु.१,२०,०००।- कायम भएकोले सो रकम देखि माथि मात्र कबोल अंक लेख्न सकिने छ । बोलपत्र स्वीकृत भएको बोलपत्रदाताले आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर १३% समेत थप गरी जम्मा हुन आउने रकम दाखिला (भुक्तानी) गर्नुपर्नेछ ।
१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा वा उल्लेखित सामानहरु हेर्नु परेमा कार्यालय खुलेको समय भित्र मन्त्रालयको स्टोर शाखामा सम्पर्क राख्न सकिने छ ।